हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : २०८ पृष्ठ : ४ २०७७ फागुन १६ गते आइतबार (Sunday 28 February 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

## सखुवानन्कारकट्टीमा झण्डा महोत्सव सुरु, टेलिफोनबाटै सम्बोधन

■ मणिलाल विश्वकर्मा

**लहान ।** सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका–५ महेशबारीमा शनिबारदेखि 'सखुवानन्कारकट्टी तेस्रो झण्डा महोत्सव २०७७' सुरू भएको छ । महोत्सवको उद्घाटन गर्न नेपाल कम्युनिस्ट पार्टी दाहाल–नेपाल समूहका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल सिरहा आउने भनिएपनि मौसम खराबीको कारणले हेलिकप्टर नउडेपछि नेपालले काठमाडौंबाटै टेलिफोनमार्फत् उद्घाटन मन्तव्य व्यक्त गरेका थिए ।

महोत्सव उद्घाटन समारोहमा करिब आधा घण्टा टेलिफोनमार्फत् सम्बोधन गरेका अध्यक्ष नेपालले २०६२/०६३ को आन्दोलनको उपलब्धि संघीयता, गणतन्त्र, धर्म निरपेक्षता र समावेशीताको रक्षा गर्नु पर्ने अवस्था आएको बताए । 'आन्दोलनले ल्याएको उपलब्धि संस्थागत गर्दै मुलुकलाई समृद्ध बनाउन अगाडि बढ्नु पर्नेमा सरकार नै संविधान मिचेर अगाडि बढ्न खोज्यो' अध्यक्ष नेपालले भने 'जनता, नागरिक समाज, पेशाकर्मी, वकिल, पत्रकार, बुद्धिजीवीहरूको निरन्तरको खबरदारीले संविधान मिच्नेहरू हच्किए ।'

सर्वोच्च अदालतबाट प्रतिनिधिसभाको पुनःस्थापना भएपछि आन्दोलनका उपलब्धिहरूको रक्षा गर्दै मुलुकलाई समृद्ध बनाउन आफ्नो पार्टीले इमान्दारीपूर्वक जनताको पक्षमा काम गर्ने अध्यक्ष नेपालको भनाइ थियो । उनले मुलुकमा मौलाउँदै गएको भ्रष्टाचार निर्मूल गरी सुशासन कायम गर्न सकिए मुलुकको विकासको गति अगाडि बढ्ने उल्लेख गरे ।

सखुवानन्कारकट्टी गाउँपालिका अध्यक्ष केदारनाथ यादवको अध्यक्षतामा भएको उद्घाटन समारोहमा प्रदेश २ का सांसद् मदनसेन श्रीवास्तवले महोत्सवले स्थानीय कला संस्कृतिको पहिचानसँगै कृषि उत्पादनको प्रचार प्रसार हुँदा गाउँपालिकाको विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । त्यस्तै, नेकपा दाहाल नेपाल समूहका केन्द्रीय सदस्य तथा राष्ट्रियसभाका पूर्व उपाध्यक्ष रामप्रित पासवानले कम्युनिस्टहरूले इमान्दारीपूर्वक श्रमजिवी जनताको पक्षमा काम गर्नु पर्ने खाँचो औंल्याए ।

पुष्पलाल स्मृति प्रतिष्ठान सिरहाका अध्यक्ष सत्यनारायण यादवको उद्घोषणमा सम्पन्न महोत्सवको उद्घाटन समारोहमा नेकपा दाहाल–नेपाल समूहका प्रदेश २ सहइञ्चार्ज विश्वनाथ साह, स्थायी कमिटि सदस्य तथा पूर्वमन्त्री धर्मनाथ साह, प्रतिनिधिसभा सदस्य सुरेशचन्द्र यादव, नेकपा प्रदेश २ संसदीय दलका नेता शत्रुधन महतो, केन्द्रीय सदस्य तथा पूर्वमन्त्री अजयशंकर नायक, पूर्वमन्त्री महेन्द्र पासवान, प्रदेश सभा सदस्य तथा पूर्वमन्त्री रामकुमार यादव, प्रदेशसभा सदस्य प्रमोदकुमार यादव, प्रदेशसभा सदस्य गोविन्द न्यौपाने, जगतप्रसाद यादव, अशोककुमार यादव, संविधानसभा सदस्य आशादेवी यादव, जिल्ला समन्वय समिति सिरहाका प्रमुख रामचन्द्र ठाकुर लगायतको उपस्थिति थियो ।

'कला, संस्कृति हाम्रो स्वभिमान, समृद्ध सखुवानन्कारकट्टी हाम्रो पहिचान' भन्ने मूल नारासहित १० दिनसम्म चल्ने महोत्सव

बाँकी ४ पेजमा

## चौथो गोलबजार मेयर गोल्डकप हुँदै

**गोलबजार ।** सिरहाको गोलबजारमा 'रमपम चौथो गोलबजार मेयर गोल्डकप–२०७७' फागुन २१ देखि शुरू हुने भएको




छ । गोलबजार नगरपालिका र गोलबजार प्रतिभा क्लबको आयोजनामा हुन लागेको प्रतियोगितामा देशभरका आठ वटा फुटवल क्लवहरूको सहभागिता रहने शनिबार पत्रकार सम्मेलनमार्फत् जानकारी गराइएको छ ।

पत्रकार सम्मलेनमा नगर प्रमुख देवनाथ साहले युवाहरूको व्यक्तित्व विकासको लागि आफू निर्वाचित भएकै वर्षदेखि खेलकुदलाई प्राथमिकता दिएर राष्ट्रिय स्तरको प्रतियोगिताहरू गर्दै आएको बताए । 'नगरले स्थानीय युवाहरूको व्यक्तित्व विकासको लागि खेलकुदलाई विशेष प्राथमिकतामा राखेका छौं' नगर प्रमुख साहले भने 'त्यसैको एउटा श्रृंखलाको रूपमा चौथो मेयर गोल्ड कप हो ।' पछिल्लो समय युवाहरू कुलतमा फस्दै गएको चर्चा गर्दै उनीहरूलाई

बाँकी ४ पेजमा

## पारदर्शीता खोज्दै धर्नामा बस्यो सिरहा कांग्रेस

**सिरहा ।** नेपाली काँग्रेस सिरहा नगरपालिका नगर कार्यसमितिले पारदर्शीता खोज्दै सिरहा नगरपालिकाको मुल गेटमा दुई घण्टा धर्ना बसेका छन् ।

काँग्रेस नगर सभापति अषिशलाल यादवको अध्यक्षता तथा काँग्रेस महासमिति सदस्य डा.सुभाषचन्द्र यादवको प्रमुख आतिथ्यमा सिरहा नगरपालिकाका विभिन्न वडाबाट काँग्रेसी नेता तथा कार्यकर्ताहरू आएको प्रत्यक्षदर्शीहरूले बताएका छन् ।

'स्थानीय तहको निर्वाचन पश्चात सिरहा नगरपालिकाले कुनै पनि कागजातहरू राम्रोसँग पारदर्शी गरेको छैन,'काँग्रेस महासमिति सदस्य डा.सुभाषचन्द्र यादवले भने,'जनसरोकारका सूचना तथा जानकारी माग गर्दै विगतमा कैऔं पटक निवेदन दर्ता गराइयो तर वेवास्ता र आलटाल गर्ने वाहेक राम्रोसँग कुनै कागजात दिएन् ।'

कानूनी प्रक्रिया अनुरूप कागजी कारवाही र जनसरोकारका विषय भएकोले वेवास्ता विरूद्ध जनसमर्थन लिएर आन्दोलनका कार्यक्रम अगाडि बढाइएको उनले प्रष्ट पारे । 'यो पहिलो चरणको

बाँकी ४ पेजमा




फेब्रुअरी महिना : आयोडिन महिना


February :Iodine Month
नुन थोरै खाऔ तर सही मात्रामा आयोडिन भएको दुई बालबालिकाको चिन्ह भएको प्याकेटको नुन मात्र खाऔं ।

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
शाखा कार्यालय, लहान



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# कौसीबारीमा तरकारी लगाउने बेला भयो, बिउ रोप्ने कि बिरूवा ?









करेसाबारीमा तरकारी लगाउने सिजन सुरू भएको छ । फागुन महिनाको अन्तिम वा चैतको पहिलो हप्तादेखि सहरी भेगमा घरको कौसीमै पनि अर्गानिक तरकारी लगाउन चाहनेहरूलाई अब तयारी सुरू गर्न कौसी खेतीसम्बन्धी जानकारहरु सुझाव दिन्छन् ।

कौसीमा खेती गर्न चाहनेहरूले अबको एक/डेढ हप्तापछि करेसाबारीमा बिउ राखेर वा सिधै बिरूवा नै लगाएर पनि तरकारी फलाउन सक्ने अभियान एग्रोका सञ्चालक सुभाष पण्डितले जानकारी दिए ।

अहिले बिहान बेलुकाको समय जाडो नसकिइसकेकोले बिउ राखेर उमार्नेतिरभन्दा पनि सिधै बिरूवा सार्न सकिने सुझाव उनको छ । अहिले बिरूवा लगाउने हो भने डेढ महिनामा तरकारी उत्पादन भइसक्छ । सिमीजस्ता फलहरु फल्नको लागि थप केही समय लाग्छ ।

पण्डितका अनुसार अहिले लौका, घिरौला, काँक्रो, करेला, गोलभैँडा, भैँडे खुर्सानी, किबी, बोडी, साग आदि राख्न सकिन्छ । पण्डितका अनुसार बिउ राख्नेहरूले फागुनको पहिलो वा दोस्रो सातामा नै राखिसकेका छन् । तिनै बिउबाट बिरुवा हुर्किएपछि कौसीमा उचित मलको प्रयोग गरेर सार्न सकिन्छ । काठमाडौंका विभिन्न ठाउँमा यस्ता बिरुवाहरु किन्न पाइन्छ ।

कौसीखेती गर्ने क्रममा छतमा धेरै गह्रौंरूरू वस्तु राख्न नचाहनेहरुलाई माटोको विकल्पमा कोकोटिक ( नरिवलको जटा)को प्रयोग पनि गर्न सकिन्छ । यो माटोको तुलनामा निकै हलुका हुने गर्छ । नरिवलको जटालाई कम्प्लेक्स गरेर एउटा इँटा जस्तो आकारको बनाइएको हुन्छ । तर यस्तोमा बेलाबेलामा कम्पोस्ट मल थपिराख्नुपर्छ । नियमित पानी माटोमा हुर्काउने बिरूवा होस् या कोकोटिकमा हुर्काउने होस् सबैमा उति नै मात्रामा राख्नुपर्छ ।

कौसीखेतीको लागि प्रयोग गरिने कोकोटिक

कोकोटिकमा तरकारी हुर्काउने हो भने त्यसको लागि एकभाग कोकोटिक राख्नुपर्छ र समय समयमा कम्पोस्ट थपिराख्नुपर्छ । बिरुवाअनुसार १५ देखि २० दिनसम्मा कम्पोस्ट थपिरहनुपर्छ । कोकोटिकमा फलाउने बिरुवाको जरा धेरैतिर फैलिएको हुन्छ । पण्डित छतमा बोरा होस् या त कुनै भाँडाकुँडामा पनि तरकारी फलाउन सक्ने बताउँछन् । टनेलसँगै एकीकृत रुपले मिस्रित तरकारी उत्पादन गर्ने विधि बारे पनि अभिमुखीकरण गर्ने गरिएको पण्डित बताउँछन् ।

**अनलाईनखबरबाट** ।

# ज्योतिषी, देउवा र सत्ता

**जगत नेपाल**

अघिल्लो संसदीय निर्वाचनमा तत्कालीन नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओली भन्ने गर्थे– नेपाली कांग्रेसका तर्फबाट शेरबहादुर देउवा नै अन्तिम प्रधानमन्त्री हुनेछन् । अब कांग्रेसको औचित्य समाप्त भइसक्यो ।

ओली भाषणहरुमा प्राय: भन्ने गर्थे– कांग्रेसको चुनावी मुद्दा र विचार केही छैन । देउवा ज्योतिषीले मलाई आधा दर्जन पटक प्रधानमन्त्री हुन्छौ भनेका छन् । हामी नै जित्छौँ भन्दै मात्रै हिंडेका छन् । ज्योतिषीले मत दिने हो र ?जनताले कांग्रेसलाई हराइसके ।

निर्वाचन अवधिभर ओलीको अभिव्यक्ति चर्चाको शिखरमा त रह्यो नै चुनावी परिणामले समेतउनैको भनाइलाई बल पुग्यो । नेकपा गठबन्धनले दुई तिहाइकरिब स्थानमा अपार विजय पाउँदा नेपाली कांग्रेस संसद्को विशेष अधिवेशन बोलाउन वा प्रधानमन्त्री उपर अविश्वासको प्रस्ताव राख्न आवश्यक एक चौथाइभन्दा कम स्थानमा सीमित हुनपुग्यो ।

चार पटक प्रधानमन्त्री भएका कांग्रेस सभापति देउवा आफूले त निर्वाचन जिते तरउनको पार्टी भने कम्युनिस्ट गठबन्धन र देउवाका गलत निर्णय (खासगरी प्रधान न्यायाधीश सुशीला कार्कीमाथिको महाअभियोग र प्रहरी महानिरीक्षक नियुक्ति प्रकरण) का कारण कमजोर बन्न पुग्यो ।

जनादेश नपाएपनि संयोगले यति बेला सत्ता फेरि देउवाकै वरपर घुमिरहेको छ । दुईतिहाइ निकटको अपार विजय धान्न नसकेर नेकपा विभाजन भएसँगै दुवै पक्षका नेताहरु सरकारको नेतृत्वका लागि कांग्रेसलाईआमन्त्रण गरिरहेका छन् । कांग्रेसका तर्फबाट देउवा नै अन्तिम प्रधानमन्त्री हुने र अबका दिनमा अर्को कुनै कांग्रेसी नेताले देशको नेतृत्व गर्न नपाउने अभिव्यक्तिका कारण चर्चामा रहेका प्रधानमन्त्री ओलीले समेत सुरूकै दिनदेखि सरकार टिकाउन देउवाकै भर पर्नुपरेको देखिन्थ्यो । सर्वोच्च अदालतले संसद् पुन:स्थापना गर्दै तेह्र दिनभित्र अघिवेशन बोलाउन आदेश दिएपछि २७५ सदस्यीय प्रतिनिधिसभामा नयाू सत्ता समीकरणको गृहकार्य सुरू भएको छ । नेकपा दुई चिरा बनेको अवस्थामा कांग्रेसको समर्थनविना बहुमतको सरकार बन्ने सम्भावना छैन । फलस्वरुप सत्ताको साँचो देउवाकै वरपर घुमिरहेको छ । के साँच्चिकै ज्योतिषीको भविष्यवाणी जनमतभन्दा बलियो हुनेहो त ?

घटनाक्रमले के देखाउँछ ? देउवाको सत्तारोहणलाई एकपकट फर्केर हेरौं !

आफैंले गराएको मध्यावधि निर्वाचन (२०५१) मा कांग्रेसले बहुमत ल्याउननसकेपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संसदीय दलको नेतामा उमेदवारी नै दिएनन् । त्यसको लाभ त्यति बेलाका युवा भनिने पुस्ताका देउवालाई भयो । समकक्षी शैलजा आचार्य र रामचन्द्र पौडेललाई उछिनेर उनी दलको नेता बने ।

त्यसको केही समयपछि मुलुकका प्रथम कम्युनिस्ट प्रधानमन्त्री मनमोहन अधिकारीले आफूविरूद्ध संसदमा दर्ता भएको अविश्वास प्रस्ताव सामना गर्नुको साँटो सदनै भंग गरिदिए । अल्पमतको सरकारको त्यो कदम असंवैधानिक भएको दाबीसहित देउवा सर्वोच्च अदालत पुगे ।

विसं २०५२ भदौ १२ गते सर्वोच्च अदालतले संसद् विघटन गर्ने प्रधानमन्त्रीको कदमलाई असंवैधानिक घोषणा गरी खारेज गरिदियो । अनि राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टीको समर्थनमा देउवा पहिलो पटक प्रधानमन्त्री बने ।

देउवाको अठार महिने कार्यकालमा संसदीय व्यवस्था निकै बदनाम भयो । छ छ महिनामा मन्त्रिपरिषद् पुनर्गठन भइरह्यो । सरकार टिकाउन, सांसदको किनबेचदेखि उनीहरूलाई होटलमा थुन्ने र मन्त्रीहरूलाई बैंकक पठाउनेजस्ता क्रियाकलाप भए । अन्तत: आफ्नै पार्टीका दुई सांसद मतदानमा ( विश्वासको मत लिंदा) अनुपस्थित भएका कारण उनको सरकार ढल्यो । उनको पहिलो प्रधानमन्त्रीकालमा संसदीय व्यवस्था विकृत भयो । तर देउवा आफू भने राष्ट्रिय राजनीतिमा स्थापित भए । विसं २०५६ को संसदीय निर्वाचनमा जनताले कांग्रेसलाई बहुमत दिए ।परन्तु, सभापति गिरिजाप्रसाद कोइराला र प्रधानमन्त्री कृष्णप्रसाद



भट्टराईको झगडाले देउवालाई नै फाइदा भयो । भट्टराईलाई प्रधानमन्त्रीको उमेदवार घोषणा गरेर चुनावमा गएको थियो कांग्रेस । तर,जसको नाममा मत मागिएको हो उसैलाई सरकार बनाएको नौ महिनामै अपमानजनकरूपमा सत्ताच्युत गरी सभापति कोइराला प्रधानमन्त्री बने । यस घटनाबाट भट्टराई कोइरालासँग रिसाएका थिए । पार्टीको आन्तरिक कलह चुलीमा थियो र माओवादी विद्रोह पनि । दरबार र माओवादी दुवै कोइरालालाई कमजोर बनाउन चाहन्थे । कांग्रेसको आन्तरिक कलहले बलेको आगोमा घिउ थपिदियो । विसं २०५८ असारसम्म आईपुग्दा कोइरालालाई सत्ताच्युत गर्ने मिसनमा दरवार, माओवादीमात्र होइन कांग्रेसभित्र भट्टराई र देउवा समेत सक्रिय भए । माओवादीले असारको अन्तिम साता रोल्पाको होलेरीमा आक्रमण गरेपछि वातावरण कति धमिलोबन्यो भने कोइराला राजीनामा गर्न बाध्य भए ।

त्यही घटनाक्रमबाट दोस्रो पटक प्रधानमन्त्रीका रूपमा देउवाको सत्तारोहण भयो । दरबार कांग्रेसभित्र विवाद चर्काएर आफ्नो शक्ति बढाउने रणनीतिमा थियो । देउवासँग उसको सहकार्य कोइरालालाई हटाउने विन्दुसम्ममात्र थियो । यसैले २०५९ जेठ ९ गते देउवामार्फत सदन भंग गराउन सफल भएपछि दरबारका लागि उनको उपयोगिता समाप्त भइसकेको थियो । फलस्वरूप २०५९ असोज १८ गते निर्वाचन गराउन अक्षम भएको अरोपमा देउवालाई अपदस्थ गरी तत्कालीन राजा ज्ञानेन्द्रले आफ्नो चाहनाअनुरुप सरकार बनाउने र विघटन गर्ने खेल सुरू गरे ।

यस क्रममा लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र फेरिशेरबहादुर देउवालाई राजाले प्रधानमन्त्री बनाए । अनि २०६१ मघ १९ मा देउवालाई बर्खास्त गरी राजाले आफ्नै अध्यक्षतामा सरकार गठन गरे । त्यसपछि मात्र आफूलाई दरबारले प्रयोग गरेको महसुस देउवालाई भयो । अनि देउवाको पार्टी पनि संसद्वादी दलले चलाएको आन्दोलनमा मिसियो । त्यही जनआन्दोलनको बलमा संसद् पुन:स्थापना मात्र भएन, संविधान सभा निर्वाचनसमेत गरियो । अनि राजतन्त्र अन्त्य भई मुलुकमा गणतन्त्र स्थापना भयो ।

दोस्रो संविधानसभाबाट संविधान जारी भएपछि देउवा चौथो कार्यकालका लागि सत्तामा पुगे । स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचन उनकै कार्यकालमा भयो । तर कांग्रेस भने नराम्रोसँग पराजित भयो ।

पटकपटक अवसर पाए पनि इतिहासमा देउवाले छवि सुधार्ने प्रयत्न गरेनन् । तैपनि,सत्ता उनकै वरपर घुमिरह्यो ।

आखिर यसको रहस्य के छ त ? साँच्चै उनी राजग्रहमा जन्मेकाले यो अवसर पाएका हुन् त ?

प्रसंग २०४१ सालतिरको हो । दसैंतिहार सकेर कांग्रेसका शीर्ष नेताहरु गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई रगिरिजाप्रसाद कोइरालाको टोली पश्चिम नेपालको भ्रमणमा थियो । पार्टीले निकट भविष्यमै सुरू गर्नेसत्याग्रहको तयारी दौडाहाको प्रमुख कारण थियो । टोलीमा शेरवहादुर देउवा पनि थिए । पोखरा हुँदै स्याङजा पुगेका नेताहरूलाई स्थानीय कार्यकर्ताले भने–

'मायाटारमा एक जना ज्योतिष छन् । खुब मिलाउँछन् । एकपटक जाने कि? कार्यवाहक सभापतिले चासो देखाए । त्यो भ्रमण दलका एक सदस्य पूर्वमन्त्री रामकृष्ण ताम्राकारले २०६५ सालमा लेखकलाई त्यस दिनको कुराकानी विस्तृतमा सुनाएका थिए ।

भट्टराई : त्यस्तो मिलाउने ज्योतिष छन् भने त देखाउनै पर्‍यो । कि कसो बाबु?

कार्यकर्ता : हो किसुनजी ! लाहुरेहरुको त भिडै लाग्छ ।

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- लाभ,हानी, आय,व्यय, सुख,दुख वरावरी मध्यम खालको दिन छ, तर आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । साँझमा केही पैसा हातपर्न सक्छ ।

**वृष** :- छोटो दुरीको लाभदायक यात्रा रहला । मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । विशिष्ठ व्यक्तिको साथ पाईनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**मिथुन**:- घरमा अतिथीको आगमन हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । कुटुम्बको सहयोग मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कर्कट** :- न्यायिक कार्यमा सफलता मिल्नेछ । सांस्कृतिक क्षेत्रमा रूची बढ्नेछ । साथीभाइले पनि राम्रै सहयोग जुटाउनेछन् । लाभदायक यात्रा रहला ।

**सिंह**:- दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाईनेछ । धनार्जनका नयाँ स्रोतहरु पत्ता लाग्ने छन् । वित्तीय संस्थाबाट सहयोग पाईनेछ ।

**कन्या** :- मनमा दुविधा उत्पन्न हुनेछ । मनमा निरासा र शरीरमा आलस्य आउला । आ`नो अधिकार प्राप्तिका लागि संघर्श गर्नु पर्ला । प्रेममा विवाद पनि आउला ।

**तुला** :- मनमा शान्ति र अनुहारमा कान्ति छाउला । दाम्पत्य जीवन सुखमय हुनेछ । लगनशीलताले कामहरु अगाडी बढ्नेछन् । भोज भतेरमा सहभागी भईनेछ ।

**वृश्चिक** :- आफ्नै दक्षतामा विभिन्न कार्यहरु सम्पन्न हुनेछन् । प्रेम जीवन सफल र सुखद् रहने देखिन्छ । इच्छा र आकांक्षा पूर्ण हुनेछ । शुभारम्भको चर्चा चल्नेछ ।

**धनु** :- सामाजिक कार्यमा मन जाला । कूटनीतिक नियोगको सहयोग मिल्ला । अतिथिको रुपमा सत्कार पईनेछ । वैदेशिक क्षेत्रबाट पनि सफलता मिल्नेछ ।

**मकर**:- विपक्षीको छलकपट तथा जालझेलबाट सावधान रहनुपर्नेछ । ताके अनुरुप काम नबन्नाले दिक्क लाग्नेछ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ ।

**कुम्भ**:- आज सामाजिक तथा धार्मिक कार्यमा रूची बढ्नेछ । दैनिक कार्यमा सफलता पाईनेछ । व्यापार व्यवसायमा पनि सफलता पाईनेछ ।

**मिन** :- आज ठीक समयमा सही निर्णय लिन सकिनेछ । मनमा हर्ष,उमङ्ग र उत्साह छाउनेछ । शेयर बजारको कारोबारमा पनि सफलता मिल्न सक्छ ।

# लहान नगर र देशको वर्तमान शिक्षा नीति

उद्धव हमाल

कुनै पनि देशको विकास र समुन्नति त्यहाँको शिक्षा ,स्वास्थ्य, भौतिक पूर्वाधार ,औद्योगिक विकास,प्रति व्यक्ति आय एवम् आर्थिक वृद्धि दरलाई हेरेर मात्रै पनि थाहा पाउन सकिन्छ । यस आलेखमा मुलुकको शिक्षा नीतिप्रतिको अलमल र लहानको शैक्षिक अवस्थालाई सिंहावलोकन गर्ने जमर्को गरिएको छ । लहान नगर पालिकामा हाल ५९ वटा सामुदायिक विद्यालयहरू छन् भने ७३ वटा संस्थागत विद्यालयहरू छन् । ती मध्ये ६ वटा माध्यमिक विद्यालयहरू सरकारी अनुदानमा कक्षा १२ सम्म संचालित छन् । यसैगरी ७ वटा संस्थागत विद्यालयहरूमा १२ सम्मको अध्यापन भइरहेको पाइन्छ । त्रि.वि.आंगिक क्याम्पसको रूपमा स्नातकोत्तरसम्म जे.एस.मुरारका बहुमुखी क्याम्पसमा अध्ययन/अध्यापन भइरहेको छ । यस बाहेक निजी रूपमा संचालित एल.एम.सी.कलेज , एभरेष्ट कलेज , सफटेक कलेज र सल्हेस कलेजहरूमा स्नातक तथा स्नातकोत्तरसम्म अध्यापन भइरहेको पाइन्छ । नेपालको संविधान २०७२ ले सार्वजनिक शिक्षा र स्वास्थ्यलाई स्थानीय तहको अधिकार क्षेत्रभित्र संरक्षित गरेको छ ।विद्यालय तहको शिक्षाको बारेमा संविधानले नै निकास दिइसकेको छ । संविधानतः विद्यालय तहको शिक्षा सम्बन्धि सम्पूर्ण व्यवस्थापकीय अधिकार स्थानीय तहमा छ । यसको कार्यान्वयनको नेतृत्व स्थानीय तहले नै लिनुपर्छ ।संघ र प्रदेशले आवश्यक मात्रामा नीतिगत व्यवस्था र सहयोग उपलब्ध गराउनु पर्छ ।अबका दिनमा संघ र प्रदेशले तय गरेको नीति तथा मापदण्डभित्र रही स्थानीय तहले आफ्नो क्षेत्रमा उपयुक्त कार्यक्रम कार्यान्वयन गर्नुपर्छ । यद्यपि संघले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा विभाग , शिक्षा विकास तथा समन्वय इकाई मार्फत अधिकार जति सबै आफूसंगै राखेको छ । संविधानको धारा ५८ मा अवशिष्ट अधिकारको विषय छ । संघ ,प्रदेश तथा स्थानीय तहको अधिकार बाँडफाँड सम्बन्धि प्रावधानमा कतै उल्लेख नभएको अधिकार संघमा रहने भन्ने व्यवस्था हो । हुन त तीन तहको निर्वाचित सरकारसंगै मुलुक संघीयता कार्यान्वयनमा गइसकेको वर्तमान स्थितिमा सबैभन्दा भद्रगोल शिक्षा क्षेत्रलाई पारिएको छ । स्थानीय तहलाई सरूवा ,बढुवा, नियुक्तिको अधिकार दिइएको छैन । देशैभर स्थानीय तहले आफू अनुकूल सरूवा गर्न चाहेको छ तर जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाई शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ नवौं संशोधन अनुसार सरूवा बढुवाको अधिकार आफ्नो रहेको बताउँछ । यही विवाद र चेपुवामा सामुदायिक विद्यालय परेको छ । लहान नगरपालिकाले लहान नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७५ लाई पहिलोपटक २०७५ असार १५ गते प्रमाणिकरण ग-यो । यो ऐन कार्यान्वयनमा नआइ २०७६ असार १०गते पहिलो , २०७६ पुस २८ गते दोस्रो तथा २०७७ असार १० गते तेस्रो संशोधन ग-यो । यद्यपि यसको सफल कार्यान्वयन हुन सकेको छैन । नगरको शिक्षा सुधारमा सरोकारवालाहरू बीच छलफल ,अन्तर्कृया हुन सकेको छैन । कतिपय पालिकाहरूका ऐन संघीय ऐन नबनेको र मौजुदा शिक्षा ऐन र नियमावलीसंग बाझिने गरी बनाइएका कारण स्थानीय ऐन,कार्यविधि सर्वोच्च अदालतले स्वतः खारेज गरिदिएको छ । " स्थानीय सरकारको जिम्मेवारी



सम्हालेको साढे तीन वर्ष भयो । यस अवधिमा मैले सबैभन्दा भद्रगोल शिक्षामै देखें । विद्यार्थी छन्, शिक्षक पर्याप्त छैनन् । विद्यालय र शिक्षक छन् , विद्यार्थी छैनन् । शिक्षामा सुधार गरौं न भने कानुनी आधार छैन । संघीय शिक्षा ऐन नआउँदा काम गर्नै सकिएन । कानुन कुरेको कु-यै भयौं । हामी आफैं कानुन बनाउँ भने संघीय शिक्षा ऐन आएपछि बाझिन्छ । संघले न कानुन बनाइदियो, न त हामीलाई संविधानले तोकेको काम नै गर्न दियो । कानुन नआएपछि कार्यविधिलाई अन्तिम रूपमा दिन लागेका छौं ।" ललितपुर महानगरका मेयर चिरिबाबु महर्जन भन्छन् । यसअघि शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा सम्बन्धि कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदा सहमतिका लागि २०७५ भदौ १२ गते नै अर्थ मन्त्रालयमा पठाएको थियो । कानुन संशोधन गरिसक्नुपर्ने फागुन २० को समयसीमा आउनै लागेपछि मात्रै विधेयक प्रक्रिया शुरू गर्नुले तत्कालीन शिक्षामन्त्री गिरिराजमणि पोखरेलको अरूचि र उदासीनता प्रष्टयाउँछ ।

उक्त मस्यौदा अर्थमन्त्रालयले १९ वटा बुदामा प्रतिक्रिया सहित शिक्षामा फिर्ता पठायो । शिक्षाले २०७६ बैशाख १७ मा सहमतिका लागि कानुन मन्त्रालयमा पठायो । दुई महिनापछि २०७६ असार २५ मा कानुनले विधेयक शिक्षा मन्त्रालयमा फिर्ता पठाइदियो । त्यसबेला कानुन मन्त्रालयले लेखेको पत्रमा भनिएको छ -" राष्ट्रिय शिक्षा नीति विचाराधीन भएकोले त्यसको स्वीकृतिपछि मात्रै विधेयक पेश गर्न उपयुक्त हुने देखिएकोले फाइल फिर्ता पठाइएको छ । उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगले पेश गरेको राष्ट्रिय शिक्षा नीति प्रतिवेदन प्रधानमन्त्री केपी ओलीलाई बुझाइएता पनि सार्वजनिक गरिएन । यसबीच २०७७ पुष ५ गते प्रम ओलीले संसद विघटन गरेर राजनीतिक तथा संवैधानिक अन्यौलमा फसेको मुलुक सर्वोच्च अदालतले फागुन ११मा प्रतिनिधिसभा पुनर्स्थापना गरी १३ दिनभित्र संसद बोलाउन आदेश जारी गरेको छ । सरकार बनाउने खेलका कारण यो संसद अधिवेशनले शिक्षा विधेयक टुंगो लगाउन गाह्रो छ । शिक्षाका विषयहरू संवेदनशील एवम् विवादित हुने हुँदा संसदमा पेश भएपछि पनि विषयगत समिति र सदनले गर्ने छलफलका कारण अझै धेरै लम्बिने सम्भावना देखिन्छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा पनि देशले आम सहमतिमा शिक्षा विधेयक पारित गर्न नसक्नु समग्र शिक्षाप्रतिको उदासीनता नै हो ।

# अब परीक्षा पास भएको महिना दिनमै लाइसेन्स पाइने

नयाँ चालक अनुमतिपत्रका लागि फाराम भर्नेको सत्त्या पाँच लाखभन्दा बढी हुँदा यातायात व्यवस्था विभागले अनुमतिपत्रको परीक्षा पास गरेका सेवाग्राहीलाई एक महिनाभित्रमा अनुमतिपत्र दिइसक्ने योजना बनाएको छ ।

ठूलो सत्त्यामा कार्ड छाप्ने उपकरण ९मास प्रिन्टर० को प्रयोग गरेर एकैदिनमा धेरै सत्त्यामा अनुमतिपत्र छाप्न सकिने विभागले जनाएको छ । अहिले तत्काल कार्ड स्टक थोरै सत्त्यामा भएकाले छाप्न नसकिएको भए पनि नयाँ कार्ड आउनासाथ अनुमतिपत्र छपाइ गरिने छ । विभागले १४ लाख कार्ड खरीदका लागि प्रक्रिया अघि बढाएको निर्देशक रामचन्द्र पौडेलले बताए । उनका अनुसार यी कार्डको खरीद गर्न लागेको कम्पनीले अहिले थोरै सत्त्यामा कार्ड नमूना परीक्षणका लागिसमेत पठाइसकेको छ । त्यो ठीक छ भन्ने जानकारी दिएपछि केही समयमा नै कार्ड आउने उनले जानकारी दिए । उनले भने, 'हामीसँग थोरै कार्ड मात्रै बाँकी भएकाले थोरै छापिएको हो, नयाँ कार्ड आउनासाथ धमाधम एकैदिनमा धेरै छपाइ हुनेछ ।' विभागले गत वर्ष खरीद गरेको 'मास प्रिन्टर' को क्षमता एक घण्टामा ४५० अनुमतिपत्र छाप्न सक्ने रहेको छ । एक दिनमा १० घण्टा सञ्चालन गर्दा पनि चार हजार ५०० छापिने निर्देशक पौडेलले बताए । उपकरणलाई २४ घण्टा चलाउँदा १० हजार बढी छापिने उनको भनाइ छ । विभागले कोभिड-१९ नियन्त्रणका लागि सरकारले जारी गरेको बन्दाबन्दीको समयमा तीन 'सिफ्ट' मा उपकरण सञ्चालन गरेको थियो । उनले भने, 'कति घण्टा चलाउने भन्ने चापमा निर्भर गर्छ ।' कोभिड-१९ का कारण झण्डै १० महिनादेखि अवरूद्ध नयाँ अनुमतिपत्र सरकारले गत पुसमा पुनः खुलाएको हो । देशभरबाट अनलाइन माध्यमबाट पाँच लाखभन्दा बढी सेवाग्राहीले आवेदन दिइसकेका छन् । तीमध्ये पास दर ३० प्रतिशत हाराहारीमा हुने भएकाले छपाइ गर्न सकिने विभागले जनाएको छ । नयाँ १४ लाख कार्ड एकैपटक आएपछि माग धान्न गाह्रो नहुने निर्देशक पौडेलले बताए । 'मास प्रिन्टर' सँगै विभागमा साना क्षमताका उपकरण रहेका छन् । तत्कालका लागि तीनको प्रयोग नभए पनि प्रयोग गर्न सकिने अवस्थामा रहेको विभागले जनाएको छ । विगत दुई वर्षदेखि प्रदेश सरकारअन्तर्गतका यातायात व्यवस्था कार्यालयले नयाँ अनुमतिपत्रका लागि परीक्षा सञ्चालन, नवीकरण र वितरण गरिरहेका छन् । विभागले 'सर्भर' को काम र अनुमतिपत्र छपाइ गरिरहेको छ । *अनलाईनखबरबाट*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# नगरको चौतर्फी विकासका लागि खेलकुद पनि प्राथमिकतामा छ : मेयर यादव



**सिरहा ।** सिरहाको मिर्चैया नगरपालिकाका नगरप्रमुख श्रवण कुमार यादवले स्वस्थ जीवन र सामाजिक सद्भावका लागि खेलकुद आवश्यक रहेको बताएका छन् । मिर्चैयास्थित मोहन उमावि मंगलबारदेखि सुरू भएको नगरस्तरीय अन्तर विद्यालय मेयर कप सप्ताहिक खेलकुद प्रतियोगिताको उद्घाटन गर्दै मेयर यादवले यस्तो बताएका हुन् ।

मानिसलाई सभ्य र अनुशासित बनाउन पनि खेलकुदको मूख्य भूमिका रहने उनले बताए । खेलकुदले भविष्यका कर्णधार युवाहरूलाई स्वस्थ, सभ्य, सक्षम, अनुशासित एवं नैतिकवान बनाउने उनले बताए ।

'नगरको भविष्यका कर्णधार भनेको युवा हुन्,' उनले भने, 'युवाहरूलाई कुलतबाट टाढा राख्न र नगर समृद्धिको आधार खडा गर्न खेलकुद अनिवार्य छ ।' उनले राम्रा खेलाडी उत्पादनमा सबैको ध्यान जान जरूरी रहेको बताए । उत्कृष्ट खेलाडी उत्पादन र खेल क्षेत्रको विकासका लागि आफ्नो नगरपालिकाले मेयर कप खेलकुद कार्यक्रम राखेको पनि उनले बताए । नगरको चौतर्फी विकासका लागि खेलकुद पनि प्राथमिकतामा रहेको उनले जनाए । नगरका युवाहरूको अभिभावकत्व लिएर उनीहरूभित्र भएको प्रतिभालाई उजागर गर्ने काममा नगरपालिका सदैव अगाडी रहेको उनले स्पष्ट पारे ।

'युवाहरूलाई शारिरीक एवम् मानसिक रूपमा सक्षम बनाउन नसके समृद्व नेपालको परिकल्पना पुरा हुन सक्दैन,' उनले भने, 'त्यसैले युवाहरूलाई सक्षम बनाउने कुनैपनि विषयहरूबाट हामीले पछि हट्नु हुदैन ।' देशमा भौतिकसँगै खेलकुदको विकास जरूरी रहेको उनको भनाइ छ । मंगलबारदेखि सुरू भएको उक्त खेलकुद प्रतियोगिता १८ गतेसम्म एक सप्ताह चल्नेछ । प्रतियोगितामा भलिबल खेल तथा एथलेटिक्स अन्तर्गत दौड, हाइजम्प, लङजम्प खेल हुनेछ । नगरका विभिन्न स्थानबाट खेलमा सहभागी समूहमध्ये फाइनलका विजेतालाई पुरस्कृतसमेत गरिन्छ ।

## सखुवानन्कारकट्टीमा ...

स्थानीय कृषिलाई आधुनिकीकरण गर्न प्रोत्सान गर्ने, बालविवाह, दहेज प्रथा, लैंगिक हिंसा न्यूनीकरण, विद्यार्थीको क्षमता अभिबृद्धि, स्थानीय व्यवसाय प्रबर्द्धन तथा स्थानीय कला संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले आयोजना गरिएको गाउँपालिका अध्यक्ष तथा महोत्सव आयोजक मूल समितिका संयोजक केदारनाथ यादवले बताए ।

संयोजक यादवले महोत्सवले स्थानीय कृषि, शिक्षा, व्यसाय, कला, संस्कृति जगेर्नामा महत्वपूर्ण योगदान पुऱ्याउने उल्लेख गरे । 'जिल्लाको महत्वपूर्ण स्थानमा रहेर आफ्नो ठाउँको सही पहिचान हुन नसकेको सन्दर्भमा स्थानीय पहिचानको लागि पनि महोत्सवको महत्वपूर्ण योगदान रहन्छ', अध्यक्ष यादवले भने । कृषि, कला, संस्कृति, विकास तथा सुगमताका हिसाबले सखुवानन्कारकट्टी उत्कृष्ठ भएपनि सही पहिचान हुन नसकेको भन्दै अध्यक्ष यादवले भने 'त्यसका लागि महोत्सवको तेस्रो संस्करण गर्न लागेका हौं ।' महोत्सव स्थलमा स्थानीय कृषि उपज, विभिन्न कृषि उपकरण, खाद्ययान्न तथा घरेलु प्रायोजनका सामग्रीहरूको एक सय वटा स्टलहरू रहने आयोजक समितिले जनाएको छ । सर्वसाधारणका लागि निःशुल्क प्रवेश रहेको महोत्सवको लागि गाउँपालिकाले विभिन्न शीर्षकमा ३४ लाख ५० हजार रूपैयाँ बजेट प्रस्तावित गरेको छ ।

## चौथो गोलबजार ...

त्यसबाट मुक्त गरी व्यक्तित्व विकास र अनुशासित बनाउन निरन्तरको खेलकूदले सघाउने विश्वास व्यक्त गरे ।

फागुन २१ गतेदेखि शुरू भई २८ गतेसम्म नकआउट विधिबाट संचालन हुने प्रतियोगितामा गोलबजार प्रतिभा क्लव निलो र रातो, त्रिभुवन आर्मी फुटवल क्लव, नेपाल एपिएफ फुटवल क्लव काठमाडौं, हल्दीवारी फुटवल क्लव जलथल झापाको सहभागिता रहने आयोजकले जनाएको छ ।

त्यस्तै, एभरेष्ट फुटवल क्लव धरान सुनसरी, डागीहाट फुटवल क्लब मोरङ्, गाईघाट फुटवल क्लब उदयपुर प्रतियोगितामा सहभागी रहने आयोजकले जनाएको छ । प्रतियोगितामा पुरस्कारको लागि मात्र १० लाख ९६ हजार चार सय ४४ रूपैयाँ छुट्याएको आयोजकले जनाएको छ । खेलका लागि प्रथम चार लाख चार हजार ४ सय ४४ रूपैयाँ, दोस्रो हुनेलाई दुई लाख ७५ हजार नगद पुरस्कार, प्रमाणपत्र र ट्रफीहरू प्रदान गरिने छ ।

खेल अवधिमा सर्वोत्कृष्ट पुरस्कार ३० हजार रूपैयाँ एक जनालाई, उत्कृष्ट खेलाडी पुरस्कार २० हजार रूपैयाँका दरले चार जनालाई, गोलबजार नगर क्षेत्रका उदयीमान एक जना खेलाडीलाई दुई लाख ५० हजार रूपैयाँ बराबरको मोटरसाइकल, म्यान अफ दि म्याच ६ हजारका दरले नौ जनालाई दिने आयोजकले जनाएको छ । खेलको सम्पूर्ण व्यवस्थापनमा करिब ३९ लाख रूपैयाँ खर्च हुने आयोजक क्लबका अध्यक्ष सञ्जिव लामाले जानकारी दिए ।

## पारदर्शीता ...

सांकेतिक आन्दोलन हो नगरपालिकाले वेवास्ता गरे आउने दिनमा सशक्त आन्दोलन हुने छन् । जसको सम्पूर्ण जिम्मेवार नगरपालिका हुनेछ ।'

'काँग्रेस जनताको भावना अनुसार काम गर्ने पार्टी हो । जन विरोधी गतिविधि,भ्रष्टाचारी र लुकाछिपि खेल चल्न दिँदैन्,'काँग्रेस नगर सभापति अषिशलाल यादवले भने,'पारदर्शीताको लागि जस्तोसुक्कै संघर्ष गर्न काँग्रेस पछि पर्दैन् ।' पहिलो चरणको आन्दोलनका कार्यक्रम अनुसार काँग्रेसले ०७७ फागुन १३ देखि १८ सम्म धर्ना बस्ने छन् । पारदर्शीताको सवाल उठाउदै सिरहा नगरपालिकासँग १५ सुत्रिय माग राखी काँग्रेस आन्दोलन गर्दै आएको हो ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
-: जनहितका लागि :-
हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट् LAHANPOST DAILY

## सर्टिफिकेट हराएको सूचना

मिति २०७७।११।६ गते घरदेखि सहिद चौकसम्म जाने क्रममा एसएलसी र + 2 को प्रमाण पत्र हराएको हुनाले पाउनु हुने महानुभावलाई मोबाइल नम्बर ९८५२८३०२३७, ९८५२८३२३७६मा सम्पर्क गरी जानकारी गराईदिनु हुन अनुरोध छ ।

अनुरोधकर्ता
नेहा गौतम

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔँ । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔँ । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔँ । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |
| | नरहा गाउँपालिका कार्यालय, सिरहा |




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)